जापानी बर्ष हेइसेइबाट रेइवा मा परिवर्तन भएको छ। नयाँ वर्ष सुरू भएको ६ महिना बितीसकेको छ ।, सासेवो नगर परिषदका सदस्य सम्माननीय ताकामिची नागानो, नागासाकी अन्तर्राष्ट्रिय विश्वविद्यालयकाअध्यक्ष केनईचिरो नाकासिमा तथा अन्य अतिथिहरू पालनु भएकोमा हामी आभारी छै।

सर्वप्रथम हाम्रा सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई तथा ७०० विद्यालयहरू मध्यबाट हाम्रो यस नागासाकी जापानी भाषा विद्यालयलाई छन्नु भएकोले हामी कृतज्ञ छौ । हामी तपाईहरुलाई सफल भविष्यको बाटो खोल्न सहयोग गर्न जिम्मेवारी महसुस गर्दछौं।

फुकूमि शिमुरा नाम गरेका एक महिला क्योतोमा कपडा रंगाउनु हुन्छ।उहाँ "साकूरा जोमे" को नामले प्रसिद्ध हुनुहुन्छ। मलाई लाग्यो कि कपडा रंगाउन साकुरा फुलको प्रयोग गरिन्छ तर साकुरा फुलको नभएर रुखको प्रयोग हुदो रहेछ। तथापि रूखबाट साकुराको रंग प्राप्त गर्न केवल साकुरा खिलनुभन्दा पहिले मात्र सम्भव हुन्छ। त्यसैले जहिलेपनी कपडा रंगाउन साकूराको प्रयोग गर्न सकिदैन।

यो भन्न सकिन्छ कि एक सुन्दर फुल सकुरा र हामीले बोल्दा प्रयोग गर्ने प्रत्येक शब्दको बराबर हो। यो रूखको सोंड हो जसले सुन्दर शब्दहरूलाई समर्थन गर्दछ जो सकुरा फुल जस्तै सुन्दर छ। तपाई भित्रबाट आएको शब्दहरु सकुरा जस्तै सुन्दर छ।त्यसकारणले, विस्तार भइरहेको विश्वको कल्पना गर्नुहोस् र तपाईहरुले बोल्नुहुने शब्दहरूको अर्थ सोच्नुहोस्। र अनि आफ्नो मातृभाषामा गर्व गर्नुहोस् र सुन्दर साकुरा फुल जस्तै खिलनुहोस्।

हामीले आशा गर्दछौ तपाईहरूले सफलतापूर्वक जापानी भाषा सिकेर उच्च शिक्षा तर्फ अघि बढ्नुहुनेछ। हामी तपाईहरूलाई हरपल सहयोग गर्न तयार छै।

हामी आशा गर्दछौ भविष्यमा तपाईहरू आफ्नो देश र जापान बिच पुल बन्नुहुनेछ।

रेइवा पहिलो वर्ष १० महिन १७गते
नगासाकी जापानी भाषा विद्यालय
प्रध्यानाध्यापक
ताबुची युकिचिका